श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४३।१०।१ को निर्णयानुसार नेपाल न्याय सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिव स्तर) का श्री भैरवप्रसाद लम्साललाई सोही सेवाको राजपत्राङ्कित प्रथम श्रेणी (अतिरिक्त सचिव सरह) को पदमा बढुवा गरी महान्यायाधिवक्ताको कार्यालयको अतिरिक्त न्यायाधिवक्ता पदमा पदस्थापन गरिएको छ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४४।१।२४ को निर्णयानुसार नेपाल न्याय सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिव स्तर) सगरमाथा अञ्चल अदालत ओखलढुङ्गा बेञ्चका अञ्चल न्यायाधीश श्री विश्वनाथ आचार्यलाई निजामती सेवा (चौबीसौं संशोधन) नियमावली, २०४३ को नियम ७.२ (१) बमोजिम सोही मितिदेखि लागू हुने गरी स्वेच्छिक अवकाश दिएको छ।

आज्ञाले,
डा. गजेन्द्रमणि प्रधान
सह-सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले उद्योग मन्त्रालय अन्तर्गतको नेपाल गुणस्तर कार्यालय र अर्थ मन्त्रालय अन्तर्गतको नाप तौल विभागलाई एउटैमा गाभी २०४४ साल श्रावण १ गतेदेखि संचालन हुने गरी उद्योग मन्त्रालय अन्तर्गत नेपाल गुणस्तर तथा नाप तौल विभाग कायम गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

292